# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या : २०८०/०८१

चलानी नं. :

मिति २०८०/१२/१५

## विपन्न विद्यार्थिका लागि लोकसेवा तयारि कक्षा संचालन सम्बन्धी सूचना

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेशको चालु आ.व. को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत विपन्न विद्यार्थिका लागि प्रदेश प्रशासन सेवाको चौथो तहको पाठ्यक्रम अनुरुपको ३० कार्य दिनको नि:शुल्क आवासिय लोकसेवा तयारी कक्षा संचालन गर्ने कार्यक्रम यस प्रतिष्ठानले संचालन गर्ने भएको हुँदा कोशी प्रदेश भित्र स्थाई बसोवास गर्ने ईच्छुक विद्यार्थिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलका कागजात सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

१. सम्पर्क फोन/मोवाईल नं. र ठेगाना समेत स्पष्ट खुलाएको निवेदन ।

२. आवेदकको कम्तिमा एस.एल.सी/एस.ई.ई तहको परिक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

३. आवेदकको उमेर र स्थाई बसोबासको ठेगाना खुल्ने जुनसुकै सरकारी निकायबाट जारी भएको परिचयपत्रको प्रतिलिपि ।

४. आवेदकको उमेर १८ बर्ष पुरा भई पुरुषको हकमा ३५ र महिलाको हकमा ४० बर्ष ननाघेको हुनु पर्ने छ ।

५. विपन्नताको सिफारिश सम्बन्धित स्थानीय तहबाट भएको हुनु पर्ने।

६. अपाङ्ग आवेदकको हकमा अपाङ्गताको परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।

७. आवेदकले माथिका कागजात सहित मिति २०८०/१२/३० भित्र E-mail मार्फत वा कार्यालय समयमा प्रतिष्ठानमा निवेदन दर्ता गर्नु पर्ने छ ।

८. प्राप्त आवेदनबाट अन्तिम सूचि तयार गर्दा आपाङ्ग, मुस्लिम, मधेशी, थारु, आर्थिक रुपले विपन्न खस/ आर्य, दलित, महिला तथा आदिवाशी/जनजातीलाई पहिलो प्राथमिकता दिईने छ ।

९. आवेदन दिनु पर्ने ठेगाना- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापा ।
Email :- prta.loksewatayari@gmail.com

१०. कार्यालय सम्पर्क नं. ०२३-४५२१०८/४५२०७८

११. कक्षा संचालन हुने मिति र समय आवेदनको अन्तिम मिति समाप्त भए पछी प्रतिष्ठानले प्रकाशन गर्ने छ।

२०८०।१२।१५

शाखा अधिकृत

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ३६८

मिति — २०८०/१२/१५

श्री सबै स्थानीय तह
कोशी प्रदेश, नेपाल

<u>विषय — सूचना प्रकाशन गरिदिने सम्बन्धमा ।</u>

उपर्युक्त सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको चालु आ.व. को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत विपन्न बिद्यार्थिका लागि प्रदेश प्रशासन सेवाको चौथो तहको पाठ्यक्रम अनुरुपको लोक सेवा आयोग तयारि कक्षा यस प्रतिष्ठानले चालु आ.व. मा संचालन गर्ने सम्बन्धि सूचना तार्हाँ पालिकाको Website तथा सूचना पार्टीमा प्रकाशन गरि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु । सूचना यसै पत्र साथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

बोदार्थ

१. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर

श्री प्रशासन
सूचना प्रकाशन गर्ने
आवश्यक व्यवस्था
१२।१६

२०८०।१२।१६
शाखा अधिकृत
अधिकृत आठौं

फेदाप गाउँपालिका
पोक्लावाङ, तेह्रथुम
दर्ता नं. २६९
दर्ता मिति २०८०।१२।१६

Website : pcgg.p1.gov.np
फोन नं. ०२३-४५२१०८ / ४५२०७८

Email : provincetraining1@gmail.com